**आ.व. २०८२/८३ को आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका : वैठक मितिः- २०८३/०१/१५ : वैठक संख्याः-१४**

आज मिति २०८३ साल वैशाख १५ गते मङ्गलवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम ब्रहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सक्षस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री धन कुमार राई | |

प्रमुख प्रशासकीय अधिकृत २०८३/१/१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८३/१/१५
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८३/८४ को लागि आमचोक गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्ने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई आर्थिक वर्ष २०८३/८४ मा आमचोक गाउँपालिकाले तपशिल वमोजिमको मुख्य नीति तथा कार्यक्रमको आधारमा योजना तयारी तथा वजेट विनियोजन गर्ने ।

क) आवश्यक र महत्वपूर्ण नया सडकहरुको ट्र्याक ओपन गर्नु परे निर्णय गरेर गाउँपालिकाको स्काभेटर मेसिनद्वारा गर्ने ।

ख) एक वडा एक सामुदायिक कृषि फर्मको अवधारणा अनुरुप यस वर्ष लेकाली भुभागमा एक कृषि फर्मको स्थापना गर्ने ।

ग) गुणस्तरिय शिक्षा प्रणालीलाई अवलम्वन गरी विगतमा नमूना विद्यालय घोषणा गरिएको विद्यालयलाई नै मापदण्ड वमोजिम निरन्तरता दिने ।

घ) खानेपानी प्रणालीलाई आमचोक गाउँपालिकाको खानेपानी ऐन २०८० वमोजिम व्यवस्थित वनाउने ।

ङ) विपन्न जनता आवास कार्यक्रम सञ्चालन कार्यविधि वमोजिम गरिवी वर्गीकरणको गरीव र अति गरीव वर्गको लागि जनता आवास कार्यक्रम र फुसको छानो हटाउने कार्यक्रमलाई निरन्तरता दिने ।

च) एकलाख भन्दा मुनिको कुनै पनि निर्माण जन्य योजना छनौट नगर्ने । वडा समितिले अनिवार्य ५ लाख माथिको एक वा सोभन्दा वढी योजनाको छनौट गर्ने । आवश्यक्ता अनुसार ५०/५० प्रतिशत सोझेदारीमा संचालन गर्ने योजनाहरुको लागि वडाहरुले ५ लाख भन्दा माथिको वजेट एकवटा योजनाको लागि विनियोजन गर्ने ।

छ) गाउँपालिकालाई आवश्यक्ता अनुसार नगर प्रहरीको व्यवस्था गर्ने ।

ज) आर्थिक वर्ष २०८३/८४ लाई कानून वर्ष घोषणा गर्ने ।

झ) गाउँपालिकामा एक सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने ।

ट) आमचोक गाउँपालिकालाई वालमैत्री घोषणा कार्यको आगामी वर्ष वडा नं ७,५ र ८ लाई वालमैत्री वडा घोषणा गर्ने ।

ठ) गाउँपालिका र वडावाट सञ्चालित अधुरा योजनाहरुलाई प्राथमिक्ता दिएर सम्पन्न गर्ने ।

ड) वजेट शिलिङलाई विषयगत क्षेत्र अनुसार बाँडफाँड गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८३/१/१५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष
८३/१/१५